"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

प.सं. :- २०७४।७५
च.नं. :- 63

मिति :- २०७४/०६/२५

**विषय : साप्ताहिक हाटबजार कर (वहाल विरौटी शुल्क) र पटके सवारी कर असुल उपर गर्ने सम्वन्धि सुचना ।**

यस छथर गाउँपालिकाको प्रथम गाउँसभाबाट पारित आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम यस छथर गाउँपालिका क्षेत्रभित्र साप्ताहिक/पाक्षिक रुपमा लाग्ने हाट बजार (शुक्रवारे बजार, सन्सरे बजार र ओखे बजार) मा पसल थापि सामान विक्री गर्ने तथा घरायसी उत्पादन विक्री गर्ने विक्रेताहरुबाट तोकिए बमोजिमको कर (वहाल विरौटी शुल्क) असुल उपर गर्न तथा यस गाउँपालिका क्षेत्र बाहिर दर्ता भई संचालन हुने सवारी साधन यस गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरुबाट पटके सवारी साधन कर संकलन गर्न इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुलाई यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र देहाय बमोजिमका शर्तहरुका अधिनमा रहि गोप्य सिलवन्दि पत्र पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

१. सिलवन्दि पत्र पेश गर्दा पेश गर्नेको नाम, थर ठेगाना, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा फर्म वा कम्पनी भए सोको दर्ता प्रमाणपत्र र नविकरण भएको कागजातको प्रतिलिपि सहित हाटबजार कर र पटके सवारी कर सम्वन्धि अलग अलग प्रस्ताव गोप्य रुपमा खामवन्दी गरी पेश गर्नु पर्नेछ ।

२. सिलवन्दि पत्र पेश गर्ने अन्तिम म्याद मिति २०७४/७/१ गते सम्म रहनेछ ।

३ एक जना व्यक्ति वा फर्मले माथि उल्लेखित एक वा तीनवटै स्थानमा लाग्ने हाटबजारबाट कर संकलन गर्न सक्ने गरी प्रस्ताव पेश गर्न सक्नेछ । यसरी प्रस्ताव पेश गर्दा तीनवटा हाटबजारको छुट्टाछुट्टै सिलवन्दि पत्र पेश गर्नु पर्नेछ ।

४. सिलवन्दि पत्र बुझाउने अन्तिम म्याद सकिएको भोलिपल्ट प्रस्तावदाताहरुको रोहबरमा सिलवन्दि पत्र खोलिनेछ । सो प्रयोजनका लागि प्रस्तावदाताले आफ्नो सम्पर्क नम्वर समेत प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । यदि सो मितिमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिनमा सिलवन्दिपत्र खोलिनेछ ।

५. तोकिएको म्यादभित्र पेश हुन आएका सिलवन्दिपत्रहरुको मुल्यांकन गाउं कार्यपालिकाको कार्यालयबाट तोकिएको मुल्यांकन समितिबाट गरिनेछ ।